# दक्षिणकाली नगरपालिका
## नगर कार्यपालीकाको कार्यालय
फर्पिङ, काठमाडौं, ३ नं. प्रदेश, नेपाल


पत्र संख्या :- ०७५/०७६
चलानी नं. :- ४८०

मिति :- २०७५/७/११

**विषय- सूचना तथा जानकारी सम्बन्धमा ।**

श्री १ देखि ९ सम्मका वडा कार्यालयहरु सबै
दक्षिणकाली नगरपालिका ।

उपर्युक्त सम्बन्धमा संघसंस्था समन्वयको मिति २०७५/६/१० को स्थानीय तह तथा संघसंस्थाहरुको साझेदारीमा युवा लक्षित कार्यक्रम संचालनको लागि प्रस्तावना पेश गर्ने सम्बन्धी सूचना यसै साथ संलग्न छ । उक्त सूचना तहाँ कार्यालयको सूचना पार्टिमा टाँस गरी जानकारी गर्नु गराउनु हुन अनुरोध गरिन्छ ।

..........................
टीकाराम ज्ञवाली
प्रमुख प्रशासकीय अधिकृत


फर्पिङ, काठमाडौं, नेपाल, फोन नं. +९७७ १ ४७१००२८
Email: info@dakshinkalimun.gov.np, Webssite : www.dakshinkalimun.gov.np

दक्षिणकाली नगरपालिका
दर्ता नं.: ५८२
दर्ता मिति: ६।२८

प्राविधिक शाखा

## संघसंस्था समन्वय

मिति-: २०७५/०६/१०

श्री इच्छुक सम्पुर्ण स्थानीय निकाय/ संघ संस्थाहरु

विषय:- स्थानीय तह तथा संघसंस्थाहरुको साझेदारीमा युवा लक्षित कार्यक्रम संचालनको लागी प्रस्ताव आह्वान सम्वन्धमा।

प्रस्तुत सम्बन्धमा राष्ट्रिय युवा परिषदको आ.व.२०७५/०७६ को स्वीकृत वार्षिक कार्यक्रम मध्ये स्थानीय तह तथा संघसंस्थाहरुको साझेदारीमा युवा लक्षित कार्यक्रम संचालन गर्ने कार्यक्रम रहेकोले तपसील बमोजिमको शर्तहरुको आधारमा प्रकृया पुरा गरी मिति २०७५ कार्तिक १५ गते भित्र राष्ट्रिय युवा परिषदमा प्रस्ताव पेश गर्न यसै सुचना मार्फत आव्हान गरिएको छ।

**तपसील**

क.शर्तहरु

१. १६-४० वर्ष उमेर समूहका युवाहरुको लागि लक्षित गरिएका ठोस उपलब्धि हाँसिल हुने कार्यक्रम हुनुपर्दछ।

२. कार्यक्रम साझेदारीमा आधारित हुनेछ। साझेदारी गर्दा प्रस्ताव पेश गर्ने निकायको साझेदारी स्पष्ट उल्लेख भएको हुनुपर्नेछ।

३. संघसंस्थाहरुको हकमा राष्ट्रिय युवा परिषद् संग आबद्व भएका संघसंस्थाहरुले मात्र साझेदारीको अवसर पाउने छन्। आबद्धताको प्रमाणपत्रको प्रतिलिपि संलग्न राखुपर्नेछ।

४. राष्ट्रिय युवा परिषदले कार्यक्रमको औचित्य उपयुक्तता र विश्वसनीयता हेरी निर्धारित मापदण्डहरुको आधारमा प्राथमिकताको सुचिमा परेका स्थानीय तह तथा संघसंस्थाहरुसंग बढीमा ७५००० (पचहत्तर हजार) सम्म साझेदारी गर्न सक्नेछ।

५. स्थानीय तह तथा संघसंस्थाहरुसंगको साझेदारीमा युवा लक्षित कार्यक्रम संचालन तथा ब्यवस्थापन कार्यविधि २०७५, को दफा ५ बमोजिम गठित समितिले छनौट गरेका स्थानीय तह तथा संघसंस्थाहरुसंग मात्र यो कार्यक्रम संचालन गरिनेछ।

ख.प्रक्रिया

१. प्रस्ताव पेश गर्ने स्थानीय तह वा संघसंस्थाहरुले देहायका बुँदाहरुको आधारमा विस्तृत प्रस्ताव तयार गरी पेश गर्नुपर्ने छ:

- कार्यक्रमको उद्वेश्य
- कार्यक्रमको खाका कार्यान्वयन कार्ययोजना
- कार्यक्रम कार्यान्वयनको लागी आवश्यक स्रोत र स्रोत ब्यवस्थापन
- अपेक्षित उपलब्धि
- साझेदारीको हिस्सा
- कार्यक्रमले प्राथमिकता र विशेष प्राथकमिकता समुहमा पार्ने प्रभाव
- दिगो विकास लक्ष्य र युथ भिजन २०२५, को लक्ष्य प्रसिमा पुग्ने योगदान
- लक्षित बर्ग/क्षेत्र

२. प्रस्ताव पेश भएपछि छनौट समितिमा मूल्याङ्कनको लागि पेश हुनेछ र प्राथमिकता सुचिमा परेका स्थानीय तह वा संघसंस्थासंग सम्झौता गरी रकम निकाशा गरिनेछ।

३. रकम निकाशा पश्चात कार्यक्रम संचालन गरी सोको प्रतिवेदन र सक्कल स्रेस्ता सहित फरफारक लिनुपर्नेछ।

४. कार्यक्रम संचालनमा राष्ट्रिय युवा परिषद् र प्रदेश सामाजिक विकास मन्त्रालयबाट स्थलगत सहजीकरण हुनेछ।

५. यो कार्यक्रम संग सम्बन्धित कार्यविधि परिषदको बेभसाईट **www.nyc.gov.np** मा राखिएको छ। यस सम्बन्धमा थप जानकारी उक्त कार्यविधिबाट प्राप्त गर्न सकिनेछ।

..................
नारायणकृष्ण श्रेष्ठ
प्रशासकीय प्रमुख